# मेलमिलाप परिषद्

## सर्वोच्च अदातल परिसर, रामशाहपथ, काठमाडौं

## सवारी साधन खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथमपटक प्रकाशित मिति २०७४।०५।२६**

यस परिषद्का लागि निम्नानुसारको सवारी साधन खरिद गर्नु परेको हुदाँ इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरूबाट तपसिल बमोजिमका शर्तहरूको अधिनमा रहि रीतपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

***कामको विवरण***

| बोलपत्र नं. | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रू | बोलपत्र जमानत रकम रु | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| ०१।०७४।७५ | Hatchback Car | एक (१) थान | ३,०००।- | ६८,७५०/- | सिलबन्दी दर्ता |

**शर्तहरू:**

१. यो सूचना प्रकाशित भएको मितिले तिस ३० दिन भित्र इच्छुक फर्म कम्पनी सप्लायर्स वा एजेन्ट/ डिलरले निवेदन साथ संस्था दर्ता प्रमाणपत्र आयकर दर्ता प्रमाणपत्र आ व २०७२।७३ सम्मको कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृदि कर प्रमाणपत्रको प्रतिलिपि साथै राखी कामको विवरण अनुसारको बोलपत्र फारम दस्तुर (पछि फिता नहुने गरी) यस परिषद्मा दाखिला गरी तोकिए बमोजिमको बोलपत्र फारम यस परिषद्को सचिवालयबाट प्राप्त गर्न सकिने छ।

२. बोलपत्रदाताले जमानत बापत माथि उल्लिखित कामको विवरण अनुसार रकम कोष तथा लेखा नियन्त्रक कार्यालय (समन्वय कार्यालय) बबरमहलको नेपाल राष्ट्र बैंक थापाथली स्थित धरौटी खाता नं १२०१२००००१००२५२४ मेलमिलाप परिषद् कोड नं २७-२०४-१४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस परिषद्को नाममा जारी गरिएको १२० (एक सय विस) दिन सम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक ग्यारेण्टी पेश गर्नुपरर्नेछ।

३. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले कबोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी वापतको रकमको बैंक भौचर वा यस परिषद्को नाउँमा जारी भएको कम्तिमा छ महिना म्याद भएको कार्य सम्पादन जमानत (परफमेन्स वण्ड) पेश गर्नुपर्नेछ।

४. बोलपत्रमा प्रति एकाइ दर रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ।

५. बोलपत्र फारम प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र यस परिषद्को सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिन २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा मेलमिलाप परिषद्को सचिवालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र खरिद दाखिला गर्न अन्तिम दिन तथा खोल्ने दिन सर्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुलेको पहिलो दिन सोहि स्थान र समयमा हुनेछ।

७. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस परिषद्मा निहीत हुनेछ। म्याद नाघी आएको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाहि हुने छैन।

८. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रूपमा स्वघोषित पत्र पेश गर्नुपर्नेछ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित अन्य कानुन बमोजिम हुनेछ।

१०. यस बोलपत्र सम्बन्धी आवश्यक अन्य जानकारीको लागि कार्यालय समय भित्र यस परिषद्को सचिवालय सर्वोच्च अदातल परिसर रामशाहपथ काठमाडौंमा सम्पर्क राखि बुझ्न सकिनेछ।



२०७४/५/२६